नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

स्थापित वि.सं. १९९४

## दरभाउ आह्वानको सूचना

प्रधान कार्यालय, सामान्य सेवा विभाग

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. NBL/SQ04/O080/81

दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/०७/२४

१. नेपाल बैंक लिमिटेडद्वारा ट्याँकरको पानी आपूर्ति गर्न योग्य दरभाउपत्रदाताहरूबाट बैंकको प्रधान कार्यालयमा १(एक) बर्षको लागि ट्याँकरको पानी आपूर्ति गर्न दरभाउपत्र प्रस्ताव आह्वान गरिन्छ ।

२. खरिद गरिने सेवाको किसिम तथा परिमाण दरभाउ सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा वा दरभाउपत्रसम्बन्धी कागजात हेर्नु परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । साथै यो सूचना यस कार्यलयको वेभ साइट www.nepalbank.com.np मा पनि हेर्न सकिने छ ।

४. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित निवेदन सहित यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा रु.१,०००/–(फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति भन्दा एक दिन अगाडि सम्म कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सक्नेछन ।

   बैंक: नेपाल बैंक लिमिटेड          खाता नं.: ००२००१०६७११२८३००००१

   खाताको नाम: NBL Tender/ Seal Quotation/ Listing

५. दरभाउपत्रको मान्य अवधि दरभाउ खोलिएको मितिदेखि ४५ दिनको हुनेछ ।

६. दरभाउपेश गर्दा दरभाउपत्रसाथ रू.३१,०००/- दरभाउ खोलिने मितिदेखि गणना हुनेगरी ७५ दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा नेपाल बैंकको काठमाडौं बैकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८००००००१ (NBL Bid Deposit Account) नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ संलग्न गर्नुपर्ने छ ।

७. दाखिला भएका दरभाउपत्रहरू मिति २०८०/०८/१० गते दिउसौ १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, सामान्य सेवा विभागमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस दरभाउ नखोलिएको अवस्थामा दरभाउपत्र र दरभाउ जमानतको मान्य अवधिको गणना पूर्व निधारित मिति देखिनै गरिनेछ ।

८. दरभाउ खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरू विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. दरभाउपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

१०. म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै कारवाही गरिने छैन ।

११. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१२. ट्याँकरको पानी आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१३. दरभाउ स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नेपाल बैंक लिमिटेडमा सुरक्षित रहनेछ ।

१४. सूचनामा उल्लेख नभएको कुराहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।